संयुक्त राष्ट्रसङ्घीय
मानवअधिकार उच्चायुक्तको
कार्यालय, नेपाल

United Nations Human Rights
OFFICE OF THE HIGH COMMISSIONER FOR HUMAN RIGHTS

**प्रेस विज्ञप्ति - २०६५ असार २४**

---

**सार्वजनिक सुरक्षा ऐनअन्तर्गतका थुनुवाहरूको रिहाइको उच्चायुक्तको कार्यालय–नेपालद्वारा स्वागत**

उच्चायुक्तको कार्यालय–नेपाल सार्वजनिक सुरक्षा (सासु) ऐनअन्तर्गत असार ५ गतेदेखि थुनामा रहेका दुईजना नेपाली नागरिकसहित तीनजनाको सोमबार सर्वोच्च अदालतद्वारा भएको रिहाइको स्वागत गर्दछ। ती तीनजनालाई तिब्बतमा भएका भनी आरोपित मानवअधिकार उल्लङ्घनका विरुद्धमा भएका प्रदर्शनका सम्बन्धमा "राजधानीका विभिन्न सार्वजनिक स्थलहरूमा चीनविरुद्धका नाराबाजी गरी सार्वजनिक शान्ति र सुरक्षामा समेत असर पुग्ने कार्य" गरेको आरोप लगाइएको थियो।

संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तले नेपाल सरकारलाई जुन महिनामा एक पत्र पठाई सन् २००६ अप्रिलभन्दा अघि राजाको सरकारद्वारा प्रदर्शनकारी तथा अन्य अधिकारवादीहरूलाई स्वेच्छाचारीरूपमा पक्रन र थुन्न व्यापकरूपमा प्रयोग गरिएको सार्वजनिक सुरक्षा ऐनको प्रयोगबारे आफ्नो गहिरो चिन्ता व्यक्त गर्नुभएको थियो।

ऐनमा रहेको निवारक नजरबन्दसम्बन्धी व्यवस्था अति व्यापक भएकोमा उच्चायुक्तको कार्यालय निरन्तर आफ्नो चिन्ता जाहेर गर्दछ र सो ऐनलाई या त उल्लेख्यरूपमा संशोधन गर्न या खारेज गर्न सरकारलाई पुनः आग्रह गर्दछ। सार्वजनिक सुरक्षासम्बन्धी कारणले आवश्यक परेमा मात्र र त्यसका साथै अदालतमा पहुँचलगायतको उपयुक्त कार्यविधिगत सुरक्षण भएमा मात्र अन्तर्राष्ट्रिय कानुनअन्तर्गत नेपालका दायित्वअनुरूप निवारक नजरबन्दलाई प्रयोग गरिनुपर्छ।

अभिव्यक्तिको स्वतन्त्रता तथा भेला हुन पाउने स्वतन्त्रताको जायज अभ्यासलाई दबाउन वा राजनीतिक कारणका लागि सो ऐनअन्तर्गतको अधिकार प्रयोग नगर्नु पनि महत्त्वपूर्ण हुन्छ।

**For further information contact Marty Logan at OHCHR-Nepal:**
**Tel.: 428 0164 (Ext.321); Mobile 98510.16922 or mlogan@ohchr.org**

60 UNIVERSAL DECLARATION OF HUMAN RIGHTS